
- कर्णाली प्रदेश सरकारले निर्माण गरेको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत पश्चात उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयनको लगि आयोजना प्रस्ताव तयार गर्ने, प्राथमिकता निर्धारण गर्ने, छनोट प्रक्रिया अपनाउने तथा आयोजनाको मूल्याङ्कन र अनुगमन गर्ने विषयमा स्पष्ट मार्गदर्शन प्रदान गर्ने उद्देश्यले डोल्पा, रुकुम पश्चिम, जाजरकोट, सल्यान जिल्लाहरुमा र मुगु, जुम्ला, कालिकोट, दैलेख जिल्लाहरुमा मिति २०८१ फागुन २५ देखि २८ गतेसम्म दुईवटा समूह विभाजन गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन।




- सुचना एवम् जानकारीहरु प्रभावकारी, सहज र शुलभ रकममा आदानप्रदान गर्ने उद्देश्यले सूचना तथा प्रविधि विभागद्वारा प्रदान गरिएको SMS Gateway सेवा लिई सेवा सुचारु।



➢ कर्णाली प्रदेश सरकार माननीय मुख्यमन्त्री तथा कर्णाली प्रदेश योजना आयोगको अध्यक्ष श्री यामलाल कडेलज्यूको अध्यक्षतामा मिति २०८१।१२।३१ गतेको बैठकबाट कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ स्वीकृत।



➢ राष्ट्रिय योजना आयोगद्वारा निर्माण गरी हस्तान्तरण गरिएको आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीलाई कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ र कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ बमोजिम परिमार्जन गरी कर्णाली प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली (KPPBMIS) निर्माणको लागि कार्यक्षेत्रगत शर्त बनाई सोही अनुरुप सम्झौता भई परिमार्जन कार्य शुरुवात।

